# पुथा उत्तरगङ्गागाउँपालिका गाउँपालिकाको राजश्व सङ्कलन र अर्थ व्यवस्थालाई व्यवस्थित गर्न बनेको ऐन २०८३

**प्रस्तावना:**पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष२०८३।०८४कोराजश्व सङ्कलन र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पुथा उत्तरगङ्गा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८३**" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि पुथा उत्तरगङ्गा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**१.२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा,

क) "**ऐन**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८३ सम्झनु पर्छ ।
ख) "**कार्यपालिका**" भन्नाले पुथा उत्तरगङ्गा गाउँ कार्यपालिका सम्झनु पर्छ ।
ग) "**गाउँपालिका**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिका सम्झनु पर्छ ।
घ) "**फर्म**" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।
ङ) "**व्यक्ति**" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।
च) "**सभा**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको सभा सम्झनु पर्छ ।
छ) "**संविधान**" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर/ जग्गा वहाल कर :**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

पुथा उत्तरगङ्गा गाउँपालिका

७. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, नाता प्रमाणित तथा व्यक्तिगत घटना दस्तुर : गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनूसुचि** (१०)मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **जलस्रोत सम्बन्धी अन्य दस्तुर** :गाउँपालिका क्षेत्रभित्र अनुसूची (११)माउल्लेखित स्थानीय जलस्रोत प्रयोग गरेवापत सोहि अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **परिक्षा आवेदन शुल्क** : गाउँपालिकाले सेवा करारमा शिक्षक/कर्मचारी पदपुर्ति गर्दा अनुसूची (१२)मा उल्लेखित अनुसूची व्यवस्था भए बमोजिम शुल्क लगाइने छ ।

१४. **अन्य प्रशासनिक सेवा शुल्क** :गाउँपालिकाले आफ्नो स्थानिय तहमा निर्माण हुने योजनाहरुको कार्यान्वयनका लागि टेन्डर आह्वान गर्दा अनुसूची (१३)मा भएको व्यवस्था बमोजिम शुल्क लगाइने छ ।

१५. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१४) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरेनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१६. **सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय** : गाउँपालिकाले निर्माण गरेको संरचना, गाउँपालिकाको स्वामित्वमा भएका अन्य सम्पत्तीहरु अन्य निकाय / व्यक्तिले प्रयोग गरेवापत सो को राजश्व अनुसूची (१५)मा भएको व्यवस्था बमोजिम असुली गर्नेछ ।

१७. **कर छुट:**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो** ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्याविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची-१**

**(दफा २ सँग सम्बन्धित)**

सम्पत्ति कर

रकम रु.मा

| **१** | **सम्पत्ती कर** | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **विस्तृत विवरण** | **दर (वर्ष / रु.)** | **कैफियत** |
| १ | पक्की घर | Rcc ढलान घर | ३० | |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको | २० | |
| ३ | कच्ची घर | माटो र ढुङ्गाले बनेको सिलेट ढुङ्गाले छाएको | १५ | |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको जस्ता पाताको छाना भएको | १५ | |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले बनेको खरको छाना भएको | १० | |
| २ | भूमिकर/मालपोत (प्रति रोपनी) | | | |
| १ | | अब्बल | २२ | |
| २ | | दोयम | १७ | |
| ३ | | सिम | १३ | |
| ४ | | चहार | ११ | |

नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा ३०%, ५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई ४०% र ८ वर्ष भन्दा लामो समय कर नबुझाउनेलाई ५५% थप जरिवाना लाग्नेछ । तर आ.व. २०७४।०७५ भन्दा अगाडीको मालपोत रकम र जरिवाना साविकै नियम र दर रेट अनुसार लाग्नेछ ।

**अनुसूची-२**

**(दफा ३ सँग सम्बन्धित)**

**घर / जग्गा वहाल कर**

रकम रु.मा

| **क्र.सं.** | **विवरण** | **वार्षिक दर** |
|---|---|---|
| १ | घर /जग्गा भाडा | सम्झौता रकमको १० प्रतिशत |

**अनुसूची-३**

(दफा ४ सँग सम्बन्धित)

व्यवसाय कर

रकम रु.मा

| **क्र.सं.** | **विवरण** | **दर** | **कैफियत** |
|---|---|---|---|
| १ | विक्री,मर्मत तथा सम्भार सेवा तर्फ | | |
| १.१ | मोटरसाइकल मर्मत | २००० | |

पृथ्वी उत्तरगंगा गाउँपालिका

| | | | |
|---|---|---|---|
| १.२ | रेडियो,घडी,मोबाइल तथा विभिन्न उपकरण बिक्री तथा मर्मत | १००० | |
| २ | स्वास्थ्य सेवा तर्फ | | |
| २.१ | एक्सरे ल्याव सुविधा सहितको डाक्टर सेवा भएको पोलिक्लिनिक | १०००० | |
| २.२ | औषधि फुटकर पसल | २५०० | |
| ३ | शिक्षा सेवा | | |
| ३.१ | निजि स्तरका आधारभूत विद्यालय | १२००० | |
| ३.२ | कम्प्युटर इन्स्टिच्यूट ट्युशन सेन्टर | ३००० | |
| ४ | सन्चार सेवा | | |
| ४.१ | प्रिन्ट फोटोकपी फोटो स्टुडियो | १००० | |
| ४.२ | वायरलेस नेटवर्क सन्चालन | ५००० | |
| ४.३ | फाइवर नेटवर्क सन्चालन | १०००० | |
| ५ | छपाई तथा प्रकाशन,स्टेशनरी , पुस्तक पसल | | |
| ५.१ | अपसेट प्रेस | १०००० | |
| ५.२ | साधारण प्रेस | २००० | |
| ५.३ | स्टेशनरी | १५०० | |
| ५.४ | पुस्तक पसल | १५०० | |
| ५.५ | छपाई तथा स्टेशनरी एउटैमा भएको पसल (अपसेट सहितको) | १२००० | |
| ५.६ | छपाइ तथा स्टेशनरी एरउटैमा भएको पसल साधारण | ५००० | |
| ५.७ | अफसेट फोटो स्टुडियो स्टेसनरी एउटै भएको | ६५०० | |
| ६ | वित्तीय सेवा | | |
| ६.१ | क वर्गको बैक तथा वित्तिय संस्था | २०००० | |
| ६.२ | घ वर्गको वैक तथा वित्तीय संस्था | १२००० | |
| ६.३ | बचत तथा ऋण सहकारी संस्था | ५००० | |
| ६.४ | बीमा कम्पनी शाखा कार्यालय | १०००० | |
| ६.५ | गैर सरकारी संस्था | २००० | |
| ७ | सामुदायिक /निजी होमस्टे/होटेल | | |
| ७.१ | १-५ वटा सम्म बेड क्षमता भएको | १००० | |
| ७.२ | ६-१० वटा सम्म बेड क्षमता भएको | २००० | |
| ७.३ | १० वटा भन्दा बढी क्षमता भएको | ३००० | |
| ७.४ | मदिरा विक्रि अनुमति पत्र बुँदा नं ७.१,७.२,७.३ को हकमा लागु हुने | ५०० | |
| ८ | चिया,नस्ता तथा चाट पसल | | |
| ८.१ | मिष्ठान भण्डार सहितको चिया नस्ता पसल | १००० | |
| ८.२ | ग्रामिण क्षेत्रको चिया नस्ता पसल | ८०० | |
| ८.३ | चाट चटपटे पसल | ३०० | |
| ९ | सुनचादी पसल | | |
| ९.१ | साना तथा हाते गहना बनाइ विक्री तथा मर्मत गर्ने पसल | २५०० | |

| | | | |
|---|---|---|---|
| १० | मदिरा पसल / मदिरा उद्योग | | |
| १०.१ | मदिरा विक्रि अनुमति पत्र पसलको हकमा | २००० | |
| १०.२ | मदिरा विक्रि अनुमति पत्र डिलरको हकमा | ५००० | |
| १०.३ | स्थानिय मदिरा उद्योग | १०००० | |
| १०.४ | साना तथा स्थानिय मदिरा उत्पादन केन्द्र | १००० | |
| ११ | मासु पसल | | |
| ११.१ | कुखुरा मासु बेच्ने पसल | १००० | |
| ११.२ | एक भन्दा बढी आइटम राखी मासु बेच्ने पसल | २००० | |
| ११.३ | राँगा खसी र बंगुर मध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | १००० | |
| ११.४ | माछाको मासु बेच्ने पसल | १००० | |
| १२ | स्टिल काठ फर्निचर ग्रिल उद्योग हार्डवेयर | | |
| १२.१ | फर्निचर उद्योग ५ लाख भन्दा कम पुजी भएको | १२००० | |
| १२.२ | फर्निचर उद्योग ५ लाख भन्दा बढी पुजी भएको | १५००० | |
| १२.३ | स्टिल/ग्रील सप्लायर्स | ५००० | |
| १२.४ | हार्डवेयर | ५००० | |
| १२.५ | भाँडा पसल | २००० | |
| १२.६ | हार्डवेयर र ग्रील दुवै | १०००० | |
| १२.७ | चेन्सर मेसिन सञ्चालन अनुमति पत्र | ५००० | |
| १३ | बेकरी उद्योग र बेकरी पसल (पाउरोटी/केक) | | |
| १३.१ | उद्योग | १००० | |
| १३.२ | बिक्री पसल | ५०० | |
| १३.३ | उद्योग र पसल दुवै | १५०० | |
| १४ | तरकारी र फलफुल पसल | | |
| १४.१ | थोक पसल | १२०० | |
| १४.२ | खुद्रा पसल | ८०० | |
| १५ | खाद्य, किराना, फेन्सी तथा जुत्ता पसल | | |
| १५.१ | उच्च स्तरको थोक सहितको किराना तथा खाद्य पसल (गल्ला होलसेल) | २५०० | |
| १५.२ | दैनिक उपभोग्य खाद्य पसल | १००० | |
| १५.३ | किराना पसल | १००० | |
| १५.४ | खुद्रा पसल | ५०० | |
| १५.५ | गल्ला/होलसेल फेन्सी तथा जुत्ता पसल | ३००० | |
| १५.६ | फेन्सी पसल | २००० | |
| १५.७ | जुत्ता पसल | २००० | |
| १५.८ | उन तथा उनको कपडाको फुटकर बिक्रेता | १०० | |
| १५.९ | निम्न स्तरको पसल | ५०० | |
| १६ | ग्याँस/इन्धन बिक्रेता | | |

| | | | |
|---|---|---|---|
| १६.१ | ग्याँस डिलर | ३००० | |
| १६.२ | ग्याँस फुटकर बिक्रेता | २००० | |
| १६.३ | डिजेल/पेट्रोल बिक्रेता | ५००० | |
| १६.४ | भाँगोजन्य पदार्थबाट उत्पादन भएका तेल थोक बिक्रेता (जिल्ला भित्र बिक्री गर्ने) | २००० | |
| १६.५ | भाँगोजन्य पदार्थबाट उत्पादन भएका तेल थोक बिक्रेता (जिल्ला बाहिर बिक्री गर्ने) | ५००० | |
| १७ | प्लाष्टिक जन्य पसल | | |
| १७.१ | थोक पसल | १००० | |
| १७.२ | खुद्रा पसल | ५०० | |
| १८ | कृषि तथा पशुपन्छी व्यवसाय तथा फर्म | | |
| १८.१ | ५०० भन्दा बढी कुखुरा पाल्ने फर्म | १००० | |
| १८.२ | २००-५०० सम्म कुखुरा पाल्ने फर्म | ५०० | |
| १८.३ | २०० भन्दा कम कुखुरा पाल्ने फर्म | ३०० | |
| १८.४ | २०० भन्दा बढी बाखा/भेडा पाल्ने फर्म | १५०० | |
| १८.५ | १००-२०० सम्म बाखा/भेडा पाल्ने फर्म | १००० | |
| १८.६ | १०० भन्दा कम बाखा/भेडा पाल्ने फर्म | ८०० | |
| १८.७ | भैसी पालन फर्म | १००० | |
| १८.८ | बंगुर पालन फर्म | १००० | |
| १८.९ | कृषि तथा पशु समुह | १००० | |
| १८.१० | कृषि पकेट तथा ब्लक दर्ता | १००० | |
| १९ | शैलुन, व्युटी पार्लर, कस्मेटिक र टेलर | | |
| १९.१ | शैलुन (१ वटा सिट क्षमता भएको) | १००० | |
| १९.२ | शैलुन (२ वटा भन्दा बढी सिट क्षमता भएको) | १५०० | |
| १९.३ | ब्युटी पार्लर | १००० | |
| १९.४ | टेलर (२ वटा भन्दा बढी मेशिन राखेको) | १५०० | |
| १९.५ | टेलर (१ वटा मेशिन भएको) | १००० | |
| १९.६ | टेलर (२ वटा भन्दा बढी मेशिन राखेको) र कस्मेटिक पसल सँगै भएको | १५०० | |
| १९.७ | टेलर (१ वटा मेशिन राखेको) र कस्मेटिक पसल सँगै भएको | १२०० | |
| १९.८ | कस्मेटिक पसल | ५०० | |
| १९.९ | ब्युटी पार्लर र कस्मेटिक पसल सँगै भएको | १००० | |
| २० | स्नुकर, पुल हाउस, स्केट पार्क | | |
| २०.१ | स्नुकर र पुल हाउस | १५०० | |
| २०.२ | स्केट पार्क | १५०० | |
| २०.३ | स्नुकर पुल हाउस र स्केट पार्क | २५०० | |
| २१ | विशेष परामर्श तथा अन्य व्यावसायिक सेवा | | |

पथरी शनिश्चरे गाउँपालिका

| | | | |
|---|---|---|---|
| २१.१ | लेखापढी व्यवसाय | ५००० | |
| २१.२ | अनुसन्धानकर्ता तथा परामर्श दाता व्यवसाय (५ लाख भन्दा बढी पुँजीको सेवा दिने) | १०००० | |
| २१.३ | अनुसन्धानकर्ता तथा परामर्श दाता व्यवसाय (२ लाख देखि ५ लाख सम्म पुँजीको सेवा दिने | ५००० | |
| २१.४ | अनुसन्धानकर्ता तथा परामर्श दाता व्यवसाय (२ लाख सम्मको सेवा दिने) | २००० | |
| २१.५ | साइन बोर्ड बनाउने पेन्टिङ सेवा | १००० | |
| २१.६ | फुल र बिरुवा विक्रेता नर्सरी व्यवसाय | १००० | |
| २१.७ | सिसा, प्लाइउड बिक्रेता व्यवसाय | १००० | |
| २१.८ | खेलौना र उपहार गिफ्ट विक्रेता व्यवसाय | ५०० | |
| २२ | निर्माण सेवा | | |
| २२.१ | गाउँपालिकामा दर्ता हुने घ वर्गको इजाजत पत्र | २०००० | |
| २२.२ | चालु आर्थिक वर्षमा कुनैपनि निर्माण सम्बन्धी कार्य नगरेको निर्माण व्यवसाय नवीकरण शुल्क | ८००० | |
| २२.३ | वार्षिक ५० लाख भन्दा कम कारोबार गर्ने निर्माण व्यवसाय नवीकरण शुल्क | १२००० | |
| २२.४ | वार्षिक ५० लाख भन्दा बढी कारोवार गर्ने निर्माण व्यवसाय नवीकरण शुल्क | १५००० | |
| २३ | औद्योगिक कारखाना तथा उद्योगहरू | | |
| २३.१ | चाउमिन उत्पादन उद्योग | १००० | |
| २३.२ | सावुन सोडा उत्पादन उद्योग | १००० | |
| २३.३ | पानी/बिजुली/अन्य इन्धनबाट चल्ने मिल | १००० | |
| २३.४ | ३ महिना चल्ने पानी घट्ट | १०० | |
| २३.५ | ६ महिना चल्ने पानी घट्ट | २०० | |
| २३.६ | ९ महिना वा सो भन्दा वढी चल्ने पानी घट्ट | ३०० | |
| २३.७ | क्रसर उद्योग | २०००० | |
| २३.८ | भांगोजन्य पदार्थको तेल उद्योग (१ करोड सम्म पुँजी भएको) | ७००० | |
| २३.९ | भांगोजन्य पदार्थको तेल उद्योग (१ करोड भन्दा बढी पूँजी भएको) | १५००० | |
| २३.१० | भांगोजन्य पदार्थबाट बन्ने कपडा उद्योग (१ करोड सम्म पूँजी भएको। | ७००० | |
| २३.११ | भांगोजन्य पदार्थबाट बन्ने कपडा उद्योग (१ करोड भन्दा बढी पुँजी भएको) | १५००० | |
| २४ | घुघुमन्ते/फिरन्ते व्यापारी | | |
| २४.१ | चार पाङ्ग्रे सवारीमा मालसामान विक्री गर्न आउने प्रति पटक | १००० | |
| २४.२ | झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (१ हप्तासम्म) | ७०० | |
| २४.३ | झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (२ हप्तासम्म) | १२०० | |
| २४.४. | झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (३ हप्तासम्म) | २००० | |
| २४.५ | झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (१ महिनासम्म) | ३००० | |
| २४.६ | कपाल खरिद गर्ने व्यापारी | ५०० | |
| २५ | आमा/महिला समूह/क्लब | १००० | |

| | | | |
|---|---|---|---|
| २६ | सम्पूर्ण व्यवसायको नवीकरण (घ वर्ग इजाजत पत्र बाहेक) | दर्ता शुल्कको ४० प्रतिशत | |
| २७ | दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०० | |
| २८ | अन्य नतोकिएका व्यवसाय | १००० | |
| २९ | भांगोजन्य पदार्थको उत्पादन अनुमति (कानुनले निषेधित गरेका बाहेक) व्यक्तिगत | १००० | |
| ३० | भांगोजन्य पदार्थको उत्पादन अनुमति (कानुनले निषेधित गरेका बाहेक) व्यावसायिक | ५००० | |
| ३१ | फर्म/कम्पनी सूची दर्ता | १००० | |

**माथि उल्लेखित बुँदा नं. २६ र २७ बाहेकका बुँदाहरूको हकमा प्रत्येक आर्थिक वर्षमा व्यवसाय कर तिरी नवीकरण गर्नुपर्ने छ । व्यवसाय नवीकरण नगरेमा नवीकरण शुल्कको २५% जरिवाना लाग्ने छ ।**

## अनुसूची-४

(दफा ५ सँग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु कर

-रकम रु.मा

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | यार्सागुम्बा सङ्कलन अनुमति (व्यावसायिक रुपमा खरिदकर्ताहरुका लागि ) | प्रतिकिलो रु. १०००० | आयात निर्यातमा लाग्ने |
| | यार्सागुम्बा सङ्कलन अनुमति (व्यक्तिगत रुपमा सङ्कलनकर्ताको लागि ) | सम्बन्धित वडाको हकमा २०००<br>सम्बन्धीत पालिकाको हकमा २५००<br>सम्बन्धीत जिल्लाबासीको हकमा ३०००<br>बाह्य जिल्लाको हकमा ३५०० | |
| २ | कवाडी माल | प्रतिकिलो रु.५ | आयात निर्यातमा लाग्ने |
| ३ | अन्य जडिबुटी | प्रचलित बजार मूल्यको ५ प्रतिशत | आयात निर्यातमा लाग्ने |
| ४ | खोटो | प्रतिकिलो रु.५ | आयात निर्यातमा लाग्ने |
| ५ | काठ प्रतिघनफिट | रु.५ | आयात निर्यातमा लाग्ने |
| ६ | कानूनले निषेधित गरेका बाहेक अन्य मृत जनावरका हाड सिंग, छाला, प्वाँख आदि । | कुल मूल्यको २ प्रतिशत | आयात निर्यातमा लाग्ने |
| ७ | यार्सागुम्बाबाट प्राप्त हुने राजश्व | कुल सङ्कलनको २० प्रतिशत | बाँकी ८० प्रतिशत सम्बन्धित वडामा |
| ८ | ढुङ्गा तथा नदिजन्य पदार्थ | प्रति क्युफिट रु ६ | |
| | | प्रति घनमिटर रु २१० | |
| | | प्रति टयाक्टर रु ५२५ | |
| | | प्रति टिप्पर ४ चक्के रु १६८० | |

| | | | |
|---|---|---|---|
| | | प्रति टिप्पर ८ चक्के रु ३३६० | |
| ९ | भिर मौरीको मह | प्रतिकिलो रु.५० | निर्यातमा लाग्ने |
| १० | फलफुल | प्रतिकिलो रु.१ | आयातमा लाग्ने |
| ११ | तरकारी | प्रतिकिलो रु.१ | आयातमा लाग्ने |
| १२ | दूध | प्रति लिटर रु.१ | आयातमा लाग्ने |
| १३ | खसी, बोका, सङ्गुर तथा बङ्गुर | प्रति गोटा रु.१०० | निर्यातमा लाग्ने |
| १४ | ठूला पशु तथा चौपाया | प्रति गोटा रु.१०० | निर्यातमा लाग्ने |
| १५ | कुखुरा | प्रति गोटा रु. ५ | आयात निर्यातमा लाग्ने |
| १६ | अण्डा | प्रति गोटा १० पैसा | आयात निर्यातमा लाग्ने |
| १७ | बुद्ध चित्तको फल | बिक्रि मुल्यको ५% उत्पादनकर्ता बाट ५ % खरिदकर्ताबाट | निर्यातमा लाग्ने |
| २० | चुत्रा संकलन | प्रति किलो रु १ रुपैयाँ | निर्यातमा लाग्ने |
| २१ | झ्याउ संकलन | प्रति किलो रु २ रुपैयाँ | निर्यातमा लाग्ने |
| २२ | बोजो | प्रति किलो रु १ रुपैयाँ | निर्यातमा लाग्ने |
| २३ | जटामसी | प्रति किलो रु १० रुपैयाँ | निर्यातमा लाग्ने |
| २४ | कटुकी | प्रति किलो रु १५ रुपैयाँ | निर्यातमा लाग्ने |
| २५ | सेतो मुस्ली / सुगो | प्रति किलो रु ५ रुपैयाँ | निर्यातमा लाग्ने |
| २६ | पदम चाल्न | प्रति किलो रु २ रुपैयाँ | निर्यातमा लाग्ने |
| २७ | गुच्छी च्याउँ | प्रति किलो रु ५०० रुपैयाँ | निर्यातमा लाग्ने |
| २८ | बन सलुन | प्रति किलो रु ५०० रुपैयाँ | निर्यातमा लाग्ने |
| २९ | खेरौंला | प्रति किलो रु १० रुपैयाँ | निर्यातमा लाग्ने |
| ३० | सर्गली/साला म्रिसी | प्रति किलो रु ५ रुपैयाँ | निर्यातमा लाग्ने |
| ३१ | समायो | प्रति किलो रु २ रुपैयाँ | निर्यातमा लाग्ने |
| ३२ | सतुवा | प्रति किलो रु २०० रुपैयाँ | निर्यातमा लाग्ने |
| ३३ | एक खुट्टे च्याउँ | प्रति किलो रु २०० रुपैयाँ | निर्यातमा लाग्ने |
| ३४ | अल्लो धागा | प्रति किलो रु ५ रुपैयाँ | निर्यातमा लाग्ने |
| ३५ | ऊन | प्रति किलो रु १ रुपैयाँ | निर्यातमा लाग्ने |
| ३६ | काँचो पुवा | प्रति किलो रु १ रुपैयाँ | निर्यातमा लाग्ने |

**अनुसूची-५**

(दफा ६ सँग सम्बन्धित)

सवारी साधन प्रवेश कर

१.सवारी साधन प्रवेश शुल्क

**-रकम रु. मा**

| **क्र.सं.** | **विवरण** | **दर** | **कैफियत** |
|---|---|---|---|
| १ | मोटरसाइकल | ० | प्रतिदिन प्रवेश शुल्क |

| | | | |
|---|---|---|---|
| २ | रिक्सा | ० | प्रतिदिन प्रवेश शुल्क |
| ३ | बस | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ४ | ट्रक | २०० | प्रतिदिन प्रवेश शुल्क |
| ५ | ट्र्याक्टर | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ६ | जीप, माइक्रोबस, भ्यान | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ७ | ट्रिपर | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ८ | मिनि ट्रक | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ९ | एक्साभेटर, अर्थ मुभर्स | ३००० मासिक | |
| १० | प्राइभेट जीप कार भ्यान | २५ | प्रतिदिन प्रवेश शुल्क |
| ११ | रिजर्भ गरिएको गाडी | ५०० प्रति पटक | प्रतिदिन प्रवेश शुल्क |

२.सावरी सञ्चालन अनुमति शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा | १००० | |
| २ | बस | २००० | |
| ३ | ट्रक | ३००० | |
| ४ | ट्र्याक्टर | ३००० | |
| ५ | जीप, माइक्रोबस, भ्यान,हाइस,पिकअप | २००० | |
| ६ | ट्रिपर | ३००० | |
| ८ | मिनि ट्रक | ३००० | |
| ९ | एक्साभेटर, अर्थ मुभर्स | ५००० | |

**अनुसूची-६**

(दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड प्रति वर्ग फिट | रु.५ | |
| २ | रंगीन विज्ञापन | छपाइ शुल्कको १० प्रतिशत | |
| ३ | सादा पोष्टर, पम्पलेट | प्रति पोष्टर १० पैसा | |

**अनुसूचि-७**

(दफा ८ सँग सम्बन्धित)

मनोरञ्जन कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रतिदिन रु.१००० | |

**अनुसूची-८**

(दफा ९ सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपार्न मिल्ने अवस्थामा थुपारे वापत | रु ५ | प्रतिदिन प्रति वर्गमिटर |

**अनुसूची-९**

(दफा १० सँग सम्बन्धित)

पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दुई पांग्रे | तीन घण्टा सम्म रु.५ र सो भन्दा बढी प्रतिघण्टा रु.१० | |
| २ | चार पांग्रे | प्रति घण्टा रु.१० | |

**अनुसूची-१०**

(दफा ११ सँग सम्बन्धित)

**१.सेवा शुल्क**

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | रु.३०० | |
| २ | मोही लगत कट्टा | रु.३०० | |
| ३ | घर कायम सिफारिस | रु.३०० | |
| ४ | छात्रवृत्ति सिफारिस | रु.५०० | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ६ | अपाङ्ग सिफारिस | निशुल्क | |
| ७ | अस्थाई बसोवास सिफारिस | रु.१००० | |
| ८ | स्थाई बसोवास सिफारिस | रु.२००० | |
| ९ | नागरिकता सिफारिस | रु.२०० | |
| १० | नागरिकता प्रतिलिपि सिफारिस | रु.५०० विपदमा परेकाको हकमा निशुल्क | |
| ११ | अंगीकृत नागरिकता सिफारिस | रु.१००० | |
| १२ | आर्थिक अवस्था सिफारिस (बलियो) | रु.३००० | |
| १३ | आर्थिक अवस्था सिफारिस (कमजोर) | निशुल्क | |
| १४ | विद्युत जडान सिफारिस | रु.२०० | |
| १५ | धारा जडान सिफारिस | रु.१०० | |

पथ्री शनिश्चरे गाउँपालिका

| | | | |
|---|---|---|---|
| १६ | जिवित रहेको सिफारिस | रु.२०० | |
| १७ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस, फरक जन्म मिति संशोधन सिफारिस | रु.५०० | |
| १८ | जग्गा मूल्याङ्कन सिफारिस | मूल्याङ्कन रकमको ०.५% | |
| १९ | व्यवसाय बन्द सिफारिस | रु.१००० | |
| २० | वार्षिक आम्दानी प्रमाणित | आम्दानी रकमको ०.५% | |
| २१ | व्यवसाय सञ्चालन नभएको सिफारिस | रु.५०० | |
| २२ | अदालत शुल्क मिनाहा सिफारिस | निःशुल्क | |
| २३ | व्यापार ठाउसारी सिफारिस | रु.१००० | |
| २४ | चौपाया सम्बन्धी सिफारिस | रु.२०० | |
| २५ | नाबालक परिचय पत्र सिफारिस | रु.२०० | |
| २६ | व्यवसाय दर्ता सिफारिस | रु.५०० | |
| २७ | आन्तरिक बसाईसराई सिफारिस | रु.५०० | |
| २८ | विद्यालय सञ्चालन तथा कक्षा वृद्दि सिफारिस | रु.१०००० | |
| २९ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | रु.१०००० | |
| ३० | व्यक्तिगत विवरण सिफारिस | रु.२०० | |
| ३१ | जग्गा दर्ता सिफारिस (प्रति रोपनी) | रु.१०० | |
| ३२ | संरक्षक सिफारिस (व्यक्तिगत) | रु.२०० | |
| ३३ | संरक्षक सिफारिस (संस्थागत) | रु.५०० | |
| ३४ | नाता प्रमाणित सिफारिस (नेपाली) | रु.५०० | |
| ३५ | जिवितसँगको नाता प्रमाणित सिफारिस | रु.२०० | |
| ३६ | मृतकसँगको नाता प्रमाणित सिफारिस | रु.२०० | |
| ३७ | कोठा खोल्न रोहबरमा बस्ने कार्य | रु.१००० | |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | रु.५०० | |
| ३९ | घर बाटो प्रमाणित | रु.५०० | * |
| ४० | कागज मञ्जुरीनामा प्रमाणित/कपाली तमसुक प्रमाणीत (दश लाख सम्मको) | कुल रकम १ % | |
| ४१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | रु.० | |
| ४२ | संस्था दर्ता सिफारिस (नाफामुखी) | रु.२५०० | |
| ४३ | संस्था दर्ता सिफारिस (गैर नाफामुखी) | रु.१००० | |
| ४४ | घर बाटो कायम सिफारिस | रु.५०० | |
| ४५ | चार किल्ला प्रमाणित सिफारिस | रु.५०० | |
| ४६ | जन्म मिति प्रमाणित | रु.५०० | |
| ४७ | विवाह प्रमाणित | रु.५०० | |
| ४८ | घर पाताल प्रमाणित | रु.५०० | |
| ४९ | फरक फरक नामथर सिफारिस प्रमाणित | रु.५०० | |

पुथा उत्तरगङ्गा गाउँपालिका

| | | | |
|---|---|---|---|
| ५० | फरक फरक जन्ममिति सिफारिस प्रमाणित | रु.५०० | |
| ५१ | मञ्जुरीनामा प्रमाणित | रु.५०० | |
| ५२ | संरक्षक प्रमाणित | रु.२०० | |
| ५३ | हकदार प्रमाणित | रु.२००, सर्जमीन मुचुल्का भए रु.५०० | |
| ५४ | अविवाहित प्रमाणित | रु.२०० | * |
| ५५ | जग्गा रेखाङ्कन सम्बन्धी रोहवरमा बस्ने | रु.५०० | |
| ५६ | जग्गा धनी पुर्जा हराएको सिफारिस | रु.५०० | |
| ५७ | पुर्जा घर कायम गर्न प्रमाणित | रु.२०० | |
| ५८ | अङ्ग्रेजी सिफारिस तथा प्रमाणित (प्रति चलानी) | प्रति सिफारिस रु.१००० | |
| ५९ | मिलापत्र कागज तथा उजुरी दर्ता गराउने | क्रमश: रु.२००० र रु. २०० | |
| ६० | नाता प्रमाणित दस्तुर | रु.५०० | |
| ६१ | जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र निशुल्क त्यसपछि जतिसुकै दिन भएपनि रु. | रु.२५० | |
| ६२ | नयाँ व्यवसाय दर्ता सिफारिस | रु.५०० | |
| ६३ | व्यवसाय नवीकरण सिफारिस | रु.५०० | |
| ६४ | योजना सम्झौता तथा उपभोक्ता समिति दर्ता सिफारिस | रु.१००० | |
| ६५ | उपभोक्ता समितिको बैंक खाता खोल्ने सिफारिस | रु.५०० | |
| ६६ | कार्यसम्पन्न सिफारिस (श्रमदान बाहेक) | रु.कूल लागतको ०.४ प्रतिशत | |
| ६७ | सर्जमिन मुचुल्का | रु. ५०० | |
| ६८ | व्यक्तिगत घटना दर्ता प्रमाण प्रतिलिपी | रु. ५०० | |
| ६९ | फर्म/कम्पनी सूची दर्ता | रु. १००० | |
| ७० | मृत्यु प्रमाणीत | रु. २०० | |
| ७१ | निरक्षर सिफारिस | रु. २०० | |
| ७२ | कक्षा ८ को मुल प्रमाण पत्रको प्रतिलिपि | रु ३०० | |
| ७३ | मावि शिक्षक सरुवा सहमति अन्तर स्थानिय तह | १००० | |
| ७४ | मावि शिक्षक सरुवा सहमति अन्तर जिल्ला / प्रदेश | १५०० | |
| ७५ | आवि शिक्षक सरुवा सहमति अन्तर स्थानिय तह | ७०० | |
| ७६ | आवि शिक्षक सरुवा सहमति अन्तर जिल्ला / प्रदेश | ९०० | |
| ७७ | शिक्षक नियुक्ति पश्चात गाउपालिकामा अभिलेखिकरण आ वी | १००० | |
| ७८ | शिक्षक नियुक्ति पश्चात गाउपालिकामा अभिलेखिकरण मा वि | १५०० | |
| ७९ | शिक्षक नियुक्ति पश्चात गाउपालिकामा अभिलेखिकरण वालविकास शक्षिक र विद्यालय सहायक | ८०० | |
| ८० | शिक्षक नियुक्ति पश्चात गाउपालिकामा अभिलेखिकरण विद्यालय | ५०० | |

पूर्व उत्तरगङ्गा गाउँपालिका

| | | | |
|---|---|---|---|
| | सहयोगी | | |
| ८१ | पारिवारीक विवरण सिफारिस /प्रमाणित | ५०० | |
| ८२ | धरौटी रकम/ फरपारक सिफारिस | धरौटी रकमको १% | |
| ८३ | थर संशोधन सिफारिस | ५०० | |
| ८४ | अंशबण्डा सिफारिस | ५०० | |
| ८५ | तिन पुस्ता भित्रको हालैको वकस पत्र पारित सिफारिस | २०० | |
| ८६ | तिन पुस्ता बाहिरको हालैको वकस पत्र पारित सिफारिस | ५०० | |
| ८७ | विवरण शंशोधन सिफारिस | २०० | |
| ८९ | राजिनामा पारीत सिफारिस | २०० | |
| ९० | बैक खाता रकम फुकुवा सिफारिस | ५०० | |
| ९१ | अन्य सिफारिस | २०० | |
| ९२ | विभिन्न सिफारिस तथा प्रमाण पत्र प्रमाणित गरेको | प्रति प्रमाणित रु २०० | |

२.नाता प्रमाणित

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित दस्तुर | रु २०० | |

३.व्यक्तिगत घटना दर्ता

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | जन्म मृत्यु विवाह बसाईसराई सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र निशुल्क त्यसपछि जतिसुकै दिन भएपनि रु ) | रु २०० | |
| २ | व्यक्तिगत घटना दर्ता प्रमाण प्रतिलिपि | रु.५०० | |

## अनुसूची-११

(दफा १२ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | शुल्क रकम | कैफियत |
|---|---|---|---|
| १ | मुहान दर्ता | रु २००० | |
| २ | नविकरण | रु १००० | |

## अनुसूची-१२

(दफा १३ सँग सम्बन्धित)

रकम रु .मा

| क्र.सं. | विवरण | शुल्क रकम | कैफियत |
|---|---|---|---|
| १ | श्रेणीविहीन कर्मचारी | ३०० | |
| २ | सहायकस्तर चौथो/प्रावि तृतीय श्रेणी | ५०० | |
| ३ | सहायक स्तर पाचौ/निमावि तृतीय | ७०० | |

| | | | |
|---|---|---|---|
| ४ | अधिकृत स्तर छैठौं/सातौं/आठौं/मावि तृतीय | १००० | |
| ५ | उमावि शिक्षक | १२०० | |

**अनुसूची-१३**

(दफा १४ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | शुल्क रकम | कैफियत |
|---|---|---|---|
| १ | सबै टेन्डर पत्र विक्री दस्तुर | रु ३००० | |
| २ | शबै शिलबन्धी दरभाउ पत्र विक्रि दस्तुर | रु १००० | |

**अनुसूची-१४**

(दफा १५ सँग सम्बन्धित)

पर्यटन शुल्क

रकम रु.मा

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दृश्यावलोकन | स्वदेशी रु.१००, विदेशी रु.५०० | |
| २ | हिमाल आरोहण | स्वदेशी रु.५०००, विदेशी रु.१०००० | |
| ३ | अध्ययन भ्रमण | स्वदेशी रु.५००, विदेशी रु.१००० | |
| ४ | तीर्थ यात्रा | स्वदेशी रु.५०, विदेशी रु.१०० | |
| | ड्रोन उडान अनुमति शुल्क | स्वदेशी रु १००,विदेशी रु ५०० | |
| ५ | तातोपानी प्रवेश/ स्नान शुल्क | सम्बन्धित वडाको लागि निशुल्क,पालिकाबासी लागि रु २५, जिल्लाबासीका लागि रु १००,स्वदेशी नागरिकका लागि रु १००, विदेशी नागरिकका लागि रु २०० | जेष्ठ नागरिक अपाङ्ग र विद्यार्थीको लागि ५० % छुट |
| ६ | जीवित सङ्ग्रालय प्रवेश शुल्क | सम्बन्धित वडाको लागि निशुल्क,पालिकाबासी लागि रु २५, जिल्लाबासीका लागि रु ५०,स्वदेशी नागरिकका लागि रु १००, विदेशी नागरिकका लागि रु २०० | |

**अनुसूची-१५**

(दफा १५ सँग सम्बन्धित)

सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

रकम रु.मा

| क्र.सं. | विवरण | शुल्क रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका सभाहल प्रतिदिन | १५०० | |
| २ | साउन्ड सिस्टम प्रतिदिन | ५०० | |
| ३ | प्रोजेक्टर प्रतिदिन | ५०० | |

पुथा उत्तरगंगा गाउँपालिका

| | | | |
|---|---|---|---|
| ४ | एक्साभेटर/ व्याक हो लोडर प्रति घण्टा | जिल्ला दररेट अनुसार | |
| ५ | एम्बुलेन्स | जिल्ला दररेट अनुसार | |

पुथा उत्तरगङ्गा गाउँपालिका